# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, जेठ १७ गते २०६४ साल (अतिरिक्तांक ११

## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

व्यवस्थापिका-संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. १

### वैदेशिक रोजगार ऐन, २०४२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वैदेशिक रोजगार ऐन, २०४२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वैदेशिक रोजगार (तेस्रो संशोधन) ऐन, २०६४" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वैदशिक रोजगार ऐन, २०४२ मा दफा ३क., ३ख. र ३ग. थप : वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ पछि देहायका दफा ३क., ३ख. र ३ग. थपिएका छन् :-

"३क. सन्धि वा सम्झौता गरी कामदार पठाउन सक्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपालसँग कुटनैतिक सम्बन्ध कायम गरेका मुलुकको सरकारसँग सन्धि वा सम्झौता गरी नेपाल सरकारको कुनै कार्यालय, निकाय वा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको संस्था मार्फत त्यस्तो मुलुकमा कामदार पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले कामदार पठाउँदा अपनाइने प्रक्रियालाई व्यवस्थित, प्रतिस्पर्धी र पारदर्शी बनाउनको लागि नीति निर्माण तथा आवश्यक अन्य व्यवस्था गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

(क) श्रम तथा यातायात व्यवस्था मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि (सहसचिव स्तर), अर्थ मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि (सहसचिव स्तर), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रतिनिधि (सहसचिव स्तर),
गृह मन्त्रालय - सदस्य

(च) प्रतिनिधि (सहसचिव स्तर),
परराष्ट्र मन्त्रालय - सदस्य

(छ) महिला प्रतिनिधि, राष्ट्रिय
महिला आयोग - सदस्य

(ज) मान्यता प्राप्त ट्रेड युनियन
महासंघहरु प्रत्येकबाट
एक/एकजना - सदस्य

(झ) वैदेशिक रोजगार व्यवसायी
संघहरुको प्रतिनिधि एकजना - सदस्य

(ञ) महानिर्देशक, श्रम तथा
रोजगार प्रवर्द्धन विभाग - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको निर्देशक समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार वैदेशिक रोजगार सम्बन्धी स्वदेशी तथा विदेशी विशेषज्ञलाई पर्यवेक्षकको रुपमा आमन्त्रित गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको निर्देशक समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

**३ख. कामदार छनोट गर्ने आधार :** दफा ३क. बमोजिम कामदार पठाउन आवश्यक व्यक्तिहरुको छनौट तोकिएको मापदण्ड र प्रक्रिया पूरा गरेका व्यक्तिहरुमध्येबाट निष्पक्षता र पारदर्शीताको आधारमा गरिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ग. सरकारको दायित्व हुने : दफा ३क. बमोजिम वैदेशिक रोजगारमा जाने कामदारलाई कुनै समस्या आइपरेमा त्यस्तो समस्या समाधान गर्ने दायित्व नेपाल सरकारको हुनेछ ।"

प्रमाणीकरण मिति : २०६४।२।१७

आज्ञाले,
डा. कुल रत्न भूर्तेल
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–